नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

☎ ५५३९३९०, ५५३९२३७, ५५३९३९१
फ्याक्स: ९७७-१-५५४२३९७
पो.ब.नं. १४३६४, काठमाडौं
Web: www.aepc.gov.np
खुमलटार, ललितपुर

पत्र संख्याः
चलानी नं.:

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र खुमलटार, ललितपुर २०५३

मितिः २०७६ कात्तिक १८ गते

प्रेस नोट

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको २३ औ वार्षिकोत्सव, नवीकरणीय ऊर्जा क्षेत्रमा उत्कृष्ट कार्य गर्ने ३ संस्था पुरस्कृत

**ललितपुर, १८ कात्तिक** । नेपालको नवीकरणीय ऊर्जा प्रवर्द्धनको केन्द्रिय निकायको रुपमा कार्यरत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आफ्नो २३औं वार्षिकोत्सव मनाएको छ । कार्यक्रममा यस वर्षको मञ्चुका स्मृति अक्षय कोषद्वारा केन्द्रको समन्वयमा स्थापित 'सुप्रविध स्मृति नवीकरणीय ऊर्जा पुरस्कार' तीन वटा संस्थाहरुलाई प्रदान गरिएको छ ।

पुरस्कार पाउनेहरुमा दर्ना लघु जलविधुत सहकारी संस्था लिमिटेड, सनफार्मर नेपाल प्रा. लि. र नेपाल ईनर्जी डेभलपमेन्ट कम्पनी प्रा. लि. रहेका छन् । यी संस्थाहरुले पुरस्कार सहित प्रति संस्था २५ हजार रुपैया प्राप्त गरेका छन् ।

पुरस्कृत मध्ये दर्ना लघु जलविधुत सहकारी संस्था लिमिटेड स्थानीय स्तरमा महिलाहरु मात्रै सदस्य भएको सहकारी हो जसले ८३ किलोवाट क्षमताको लघुजलविद्युत आयोजनालाई सफल व्यवसायीक नमुनाको रुपमा पस्तुत गरेको छ । त्यस्तै सनफार्मर नेपालले नेपालमा नविनतम ढंगले सौर्यऊर्जाबाट खानेपानी र सिंचाईको लागि प्रयोग हुने सौर्य पम्पको जडान गरी संचालन गरीरहेको छ । पुरस्कृत मध्येकै नेपाल ईनर्जी डेभलपमेन्ट कम्पनी प्रा. लि. ले विराटनगरको श्री कृष्ण गौसेवा सदनमा रहेको २ सय घनमिटरको वायोग्यास प्लाण्ट जडान गर्ने कम्पनी हो । केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा यस कम्पनीले जडान गरेको यो प्लाण्टवाट उत्पादित ग्यासलाई पाईपलाईनबाट ३२ स्थानीय उपभोक्तको घरमा पुचाई प्रयोग गरिएको छ ।

केन्द्रले प्रत्येक वर्ष नेपालमा नवीकरणीय ऊर्जा प्रवर्द्धन गरी स्थानीय समुदायको जीवनस्तर उकास्न विशेष सहयोग पुऱ्याइ रहेका लघुजलविद्युत, सौर्य ऊर्जा र वायु ऊर्जा तथा जैविक ऊर्जा क्षेत्रमा नवीनतम कार्य गर्ने तीन वटा उत्कृष्ट संस्थाहरुलाई पुरस्कार प्रदान गर्दै आएको छ । यो पुरस्कार २०७४ सालबाट प्रदान गर्न थालिएको हो ।

कार्यक्रममा भनाई राख्नुहुदै ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री माननीय वर्षमान पुन 'अनन्त' ले संघियता कार्यान्वयन पछि नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रवर्द्धनको भुमिका स्थानिय तहहरुको जिम्मेवारीको विषय वनेकोले केन्द्रले नवीकरणीय ऊर्जामा स्थानीय तहहरुको क्षमता अभिवृद्धि गर्ने र यस क्षेत्रमा प्रविधिहरुको मापदण्ड निर्माण गर्ने कार्य गर्नुपर्ने वताउनुभयो । केन्द्रले हालसम्म हासिल गरेका उपलब्धिहरुलाई संथागत गरी परिवर्तित सर्न्दभमा प्रभावकारी रुपले अघि वढाउन केन्द्रलाई ऐनबाट स्थापित संस्थामा रुपान्तरण गरिने बताउनुभयो । उहाँले ऊर्जा, जलस्रोत तथा सिंचाई क्षेत्रको श्वेतपत्र र नेपाल सरकारको नीति तथा कार्यक्रमका लक्ष्यहरु प्रात्त गर्न केन्द्रको निकै महत्वपूर्ण भुमिका रहने उल्लेख गर्नुभयो ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

५५३९३९०, ५५३९२३७, ५५३९३९१
फ्याक्स: ९७७-१-५५४२३९७
पो.ब.नं. १४३६४, काठमाडौं
Web: www.aepc.gov.np
खुमलटार, ललितपुर

पत्र संख्या:
चलानी नं.:

नेपाल सरकार जलस्रोत तथा सिंचाई मन्त्रालय वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र खुमलटार, ललितपुर २०५३

राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. कृष्ण प्रसाद ओलीले केन्द्रलाई नवीकरणीय ऊर्जाको श्रेष्ठता केन्द्रको रुपमा विकास गर्न र नवीकरणीय ऊर्जा प्रविधिहरुको थप विकासको लागि अनुसन्धान तथा विकासका कार्यमा जोड दिन विश्वविधालय तथा अन्य अनुसन्धान गर्ने संस्थाहरुसँग सहकार्य गरेर अगाडि बढ्नुपर्ने आवश्यकता औल्याउनुभयो । यस्तै ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिव दिनेश कुमार घिमिरेले देशमा नवीकरणीय ऊर्जा प्रविधिहरुको थप व्यवस्थित विकासको लागि तथा केन्द्रलाई ऊर्जा दक्षता र कार्वन वित्तको क्षेत्रमा कार्य गर्न भावी कार्यदिशा स्पष्ट गर्नेगरी केन्द्रको व्यवसायीक योजना वनाउनु पर्ने वताउनुभयो । केन्द्रका कार्यकारी निर्देशक मधुसुधन अधिकारीले केन्द्रले नवीकरणीय ऊर्जा प्रवर्द्धनका साथै ऊर्जा दक्षता र हरित जलवायुकोष अन्तर्गतका कार्यक्कहरु अझै प्रभावकारी रुपमा कार्य गर्दै जाने प्रतिवद्धता जनाउनुभयो ।

कार्यक्रममा केन्द्र र नवीकरणीय ऊर्जा क्षेत्रमा कार्यरत ३२ जनाले रक्तदान गरेका छन् । साथै गत आर्थिक बर्षको वार्षिक प्रगति प्रतिबेदन समेत सार्वजनिक गरिएको छ । बार्षिकोत्सवको अवसरमा आयोजित ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत कार्यरत विभिन्न टिमहरु बीचको फुटसल प्रतियोगिताका विजेता टिमहरुलाई पुरस्कार समेत प्रदान गरीएको छ । प्रतियोगितामा महिला तर्फको खेलमा ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको टिम विजेता र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको टिम उपविजेत भएको थियो त्यस्तै पुरुष तर्फको खेलमा नेपाल वायोग्यास प्रवर्द्धन संघको टिम विजेता र नेपाल विधुत प्राधिकरणको टिम उपविजेता बनेका थिए ।

हालसम्म केन्द्र अन्तर्गत नेपाल सरकार र विभिन्न विकास साझेदारहरुको सयुक्त सहयोगमा तथा नीजि क्षेत्र र स्थानीय सरकारसँगको सहकार्यमा संचालित विभिन्न कार्यक्रमहरु मार्फत् लघु जलविद्युतबाट ३२.५ मेगावाट विद्युत उत्पादन भएको छ भने शहरी क्षेत्रबाट निस्कने जैविक फोहोर, पोल्ट्रीफार्मबाट निस्कने सुली र गाईफार्मबाट निस्कने गोवर लगायतको प्रयोग २ सय ४७ ठुला सहित ४ लाख २५ हजार वायोग्यास प्लान्ट जडान भएका छन् । ९ लाख ११ हजार घरेलु सौर्य विद्युत प्रणाली र १५ लाख ९ हजार सुधारिएको चुलो जडान हुनुका साथै ११ हजार पानी घट्टको सुधार भएको छ । सार्वजनिक संस्था, विधालय, स्वास्थ्य चौकी, अस्पताल, सर्पदंश उपचार केन्द्र, वर्थिङ सेन्टर जस्ता संस्थामा कम्प्युटर तथा स्वास्थ्य संवन्धी उपकरण संचालन गर्न देशभर झण्डै २ हजार संस्थागत सौर्य ऊर्जा प्रणाली जडान भएका छन् । साथै १ हजार ३ सय भन्दा वढी खानेपानी र सिंचाईको लागि प्रयोग हुने पानी तान्ने पम्प जडान भएका छन् । यस वाहेक ५ सय ६३ किलोवाट बरावरका सौर्य तथा सौर्य र वायु ऊर्जा मिश्रित मिनिग्रीड प्रणाली जडान भइ संचालनमा रहेको छन । केन्द्र अन्तर्गत हाल सम्म जडित यस्ता नवीकरणीय ऊर्जा प्रविधिहरु मार्फत् देशका करिव ३६ लाख घरधुरी लाभान्वित भैसकेका छन् ।

धन्यवाद ।